इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

कार्यपालिका बैठक संख्या :- ७४
बैठक मिति :- २०७६।११।२४

निर्णय नं. १

कानून मस्यौदा समितिबाट पेश हुन आएका देहाय अनुसारका विधयेकहरुको मस्यौदा माथि छलफल भयो।

देहाय

(क) इटहरी स्वास्थ्य ऐनका सम्बन्धमा बनेको विधयेक, २०७६
(ख) इटहरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७६
(ग) इटहरी उपमहानगरपालिकाको केही ऐनलाई संसोधन गर्न बनेको बिधयेक, २०७६
(घ) इटहरी भू-उपयोग तथा जग्गा व्यवस्थापन ऐन, २०७६
(ङ) इटहरी उपमहानगरपालिकाको कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्ने विधयेक, २०७६

निर्णय नं. २

स्वास्थ्य शाखाबाट कोभिड १९ (नोभल कोरोना भाइरस) फैलन नदिन उच्च सतर्कता सहित पूर्व तयारीको लागि पेश भएको रु. ८,८०,०००। (आठ लाख असी हजार) को प्रस्तुत कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

इटहरी उपमहानगरपालिका वडा नं. ३ सरस्वती मा.वि.को जग्गामा घरेलु औद्योगिक ग्राम निर्माण गर्नका लागि प्रदेश सरकार उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७६।०८।२९ को पत्रानुसार समपूरक अनुदानबाट संचालन गर्ने गरी बजेट स्वीकृत भई आए अनुसार बोलपत्र आव्हान गरिएकोमा हाल देखिएको महामारी कोरोना भाइरसको कारण बोलपत्र पेश हुन नसकेकोले बहुबर्षिय योजनाको रुपमा संसोधनका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने र खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

तराई मधेश समृद्धी कार्यक्रम अन्तर्गत आगामी आ.ब. २०७७०७८ को लागि तपसिल अनुसारको कार्यक्रम माग गर्ने निर्णय गरियो ।

तपसिल

(क) मुसहर बस्ती सामुहिक आवास (भवन) निर्माण, इटहरी १६